# पनौती नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या :१९ मिति : २०७५/०३/११

**भाग-२**

## पनौती नगरपालिका

नगर शिक्षा समिति कार्यविधि - २०७५

नेपालको संविधानको अनुसूची ८ मा प्रद्दत अधिकार बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न तथा लोकतन्त्रको लाभहरुलाई न्यायोचित रुपमा वितरण गरी शिक्षा विज्ञान प्रविधि तथा खेलकुद र शैक्षिक गुणस्तर अभिवृद्धि संग सम्बन्धित कार्य गरी शिक्षालाई सर्वशुलभ, व्यवहारीक ,



जिवनोपयोगी बनाउन तथा नगर भित्रका शैक्षिक विकास र उन्नयन कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को नियम ११ र यस पनौती नगर पालिकाको दोस्रो नगर सभा बाट पारित नगर शिक्षा ऐन २०७४ को दफा २३ अनुरुप नगर शिक्षा समिति गठन गरी कार्य अघि बढाउन वान्छनिय भएकोले यो कार्यविधि २०७५।०३।०५ को कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरेको छ।

### परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम नगर शिक्षा समिति कार्यविधि , २०७५ रहने छ। यो कार्य विधि तुरुन्त लागु हुनेछ।

१. पनौती नगर शिक्षा समितिको गठन :- पनौती नगरपालिका भित्रका विद्यालयहरुको रेखदेख, संञ्चालन र व्यवस्थापन गर्ने काम समेतको लागि पनौती नगरपालिकामा नगर शिक्षा समिति गठन हुनेछ । उक्त समितिमा देहायका पदाधिकारी रहने छन् ।

(क) नगरपालिकाको प्रमुख -अध्यक्ष

(ख) नगरकार्यपालिकाका महिला तथा दलित सदस्य मध्य एक जना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत कर्मचारी -सदस्य

(घ) सामाजिक विकास समितिको अध्यक्ष -सदस्य

(ङ ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट अध्यक्षले तोकेको एक जना प्रधानाध्यापक - सदस्य

(च) संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट अध्यक्षले तोकेको सदस्य एक जना - सदस्य

(ज) स्रोत व्यक्तिहरु मध्ये बाट अध्यक्षले मनोनित गरेको एक जना -सदस्य

(झ) शिक्षा अधिकृत वा नगर शिक्षा शाखाको प्रतिनिधि -सदस्य-सचिव

दफा १ बमोजिम गठित खण्ड (ख), (ङ), (च), (छ) र (ज) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुने छ । तर त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचारण गरेको नदेखिएमा मनोनयन गर्ने पदाधिकारीले जुन सुकै बखत हटाउन सक्ने छ । यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

दफा १ बमोजिम गठित शिक्षा समितिलाई आवस्यक सल्लाह दिन शिक्षा समितिले विज्ञ समुह गठन गर्न सक्ने छ ।

(२ ) शिक्षा समितिको वैठक कम्तीमा प्रत्येक चौमासिकमा एक पटक वस्नुपर्नेछ ।

(३ ) शिक्षा समितिको वैठकभत्ता नगरपालिकाको प्रचलित कानुन वमोजिम हुनेछ तर एक आर्थिक वर्षमा वढीमा ६ वटा भन्दा वढी वैठकको भत्ता उपलब्ध गराईने छैन।

(४) वैठक संचालनको लागि कम्तीमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय वहुमतको आधारमा हुनेछ ।

(५). शिक्षा समितिको काम, कर्तव्य र अधिकार : ऐन नियम तथा यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय / शिक्षा शाखावाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागी कार्यपालिकामा पेश गर्ने ।

(ख) नगरपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आबस्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,





(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष आवश्यकता शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्ता सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना वमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न, स्थगन गर्न, कक्षा थपघट गर्न, विषय थप घट गर्न र नयाँ विद्यालय सञ्चालन गर्न सिफारिस गर्ने,

(ट) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ठ) नगर स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय/ शिक्षा शाखा लाई निर्देशन दिने,

(ड) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने ।

(ढ) नगरकार्यपालिका तथा नगर सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने ।

(ण) विद्यालयले कायम गर्नु पर्ने न्युनतम मापदण्ड तोक्ने ।

(त) नगर क्षेत्र भित्र विशेष आवश्यकता भएका वालबालिकाको तथ्यांक संकलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठन व्यवस्था मिलाउने .

(थ) विद्यालय सुधार तथा बिकासका लागि नीति निर्देशन गर्ने .।

(द) विद्यालयमा भर्ना भएका वालवालिकाको आधारमा शिक्षक दरवन्दि मिलान, विद्यालय समायोजन, कक्षा थपघट र शिक्षक व्यवस्थापन गर्ने, रिक्त दरवन्दिमा नियुक्तिका लागि अनुमति दिने । समायोजनमा परेको विद्यालयको सम्पत्तिको सम्बन्धमा ऐन बमोजिम गर्ने ।

(ध) शैक्षिक गुणस्तर कायम गर्न स्रोतकेन्द्रलाई व्यवस्थित गर्ने ।

(न) शिक्षकहरुको रिक्त पदमा प्रचलित व्यवस्था बमोजिम अस्थायी व्यवस्थापन गर्नका लागि सम्बन्धित विद्यालयलाई सहमति प्रदान गर्ने ।

(प) शिक्षकहरुको अध्ययन, असाधारण, वेतलवी लगायतका विदा सम्बन्धित विद्यालयलाई सफारिस गर्ने ।

(फ) शिक्षकहरुको दरवन्दि मिलान सम्बन्धि कार्य गर्ने ।

(ब) नगरस्तरिय परिक्षा संचालन सम्बन्धि कार्य गर्ने ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७५/०३/०८**

**ध्यान कुमार थापा**

**प्रखुम प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ५०० प्रति* *मुद्रण : पनौती प्रिन्टिङ प्रेश*